# कपिलवस्तु जिल्ला अदालत
## तौलिहवा

प.सं.:-०७७।०७८
च.नं.:-

☎०७६-५६१०१०
फ्याक्स ०७६-५६०१३१

मिति २०७८।०३।१४

## सूचना । सूचना ।। सूचना ।।।

नोबेल कोरोना भाइरस (कोभिड-१९) को नयाँ भेरियण्ट विश्वव्यापी रुपमा फैलिएको र नेपालमा पनि त्यसको प्रभाव बढिरहेको सन्दर्भमा रोकथाम र नियन्त्रणका लागी नेपाल सरकारले जारी गरेको जनस्वास्थ्य सम्वन्धी मापदण्ड तथा सर्वोच्च अदालतको मिति २०७८/०१/१४ गतेको सुचना समेतलाई मध्यनजर गर्दै स्थानीय प्रशासनबाट जारी गरिएको निषेधाज्ञाको सूचना अनुसार २०७८/०१/१९ गतेदेखि यस अदालतबाट प्रदान गरिने अत्यावश्यक सेवा वाहेक अन्य सेवाहरु संकुचन गर्ने सूचना बमोजिम गर्दै आइरहेकोमा जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट विभिन्न मितिमा पटक पटक प्रकाशित सूचना अनुसार यस भन्दा अगाडी जारी भएको निषेधाज्ञालाई निरन्तरता दिएकोमा जिल्ला प्रशासन कार्यालयबाट मिति २०७८।३।१४ गते जारी भएको सूचना बमोजिम पुनः मिति २०७८।३।१५ देखि २०७८।३।२१ सम्म निषेधाज्ञा जारी गरेको उक्त सूचनामा जिल्ला भित्र मात्र स्वास्थ्य मापदण्ड पुरा गरी सार्वजनिक यातायात चल्न सक्ने भन्ने उल्लेख भएको र पूर्ण रुपमा निषेधाज्ञा खुला नभएको कारणबाट यस अदालतबाट प्रवाह गर्ने सेवा पुर्ण रुपमा खुला राख्न उपयुक्त हुने नभएको कारणबाट सो मिति सम्म यस अदालतबाट अर्को सूचना प्रकाशित नभए सम्म विभिन्न मितिमा जारी भएको सूचनामा उल्लेखित काम कारवाही तथा सेवा प्रवाह यथावत राखी थप निम्न सेवाहरु प्रवाह गर्ने यस अदालतको मिति २०७८।३।१४ गतेको निर्णय अनुसार सर्वसाधारण सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### निर्णयहरु:

**यस अदालतबाट मिति २०७८।१।१९, २०७८।२।३१ र २०७८।३।७ गतेको सूचनामा उल्लेखित सेवा प्रवाहहरुलाई नियमित रुपमा संचालन गरी निम्न अन्य थप सेवाहरु प्रवाह गर्ने ।**

१. यस अदालतमा दर्ता हुन आएका अभियोगपत्र साथ उपस्थित हुन नआएका प्रतिवादीहरुका हकमा निवेदन साथ हाजिर हुन आएमा आउने दिन भन्दा बढीमा एक हप्ता भित्रको स्वास्थ्य संस्थाबाट गरिएको पि.सि.आर. प्रतिवेदन सहित उपस्थित हुन आएमा मुद्दाको कारवाही प्रकृया अगाडी बढाउने ।
२. विशेष प्रकृतीका निवेदनहरु दर्ता गरी कारवाही प्रकृया सुचारु गर्ने ।
३. धरौटी फिर्ता माग सम्बन्धी निवेदनहरु आएमा दर्ता गरी कारवाही प्रकृया अगाडी बढाउने ।
४. मिसिलमा रहेका कागजातहरुको प्रमाणित प्रतिलिपी उपलब्ध गराउने सम्बन्धी कार्य ।
५. फैसला कार्यान्वयन सम्बन्धी निवेदनहरु दर्ता गर्न ल्याएमा दर्ता गर्ने ।

- **निषेधाज्ञा अवधिको हदम्याद म्याद तारेख थाम्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।१।१४ को पूर्ण बैठकको निर्णय एवं वृहत पूर्ण इजलासको मिति २०७७।२।१५ को आदेश बमोजिमको सुविधामा प्रतिकुल असर नपर्ने गरी काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिको मुद्दा तथा निवेदनहरुमा रहेको हदम्याद, म्याद तारेख नगुज्रने।**

०७८।३।१४